प्रतिदिन १७औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : १३६ ॥ २०८२ असार ११ गते बुधबार (25th June 2025 Wednesday) Pratidin National Daily मूल्य-रु.५/-


# कोरोना संक्रमणबाट इलामकी महिलाको मृत्यु

झापा(प्रस)। कोरोनाको नयाँ भेरिएन्ट संक्रमण फैलिएयता देशमै पहिलो पटक कोरोना संक्रमणबाट इलामकी एक महिलाको मृत्यु भएको छ।

सूर्योदय नगरपालिका वडा नं १० फिक्कल बस्ने ४९ वर्षीया सुनिता लामाको कोरोना संक्रमणबाट मृत्यु भएको हो। मंगलवार बिहान ६ बजे नोबेल शिक्षण अस्पताल बिराटनगरमा उपचारको क्रममा उनको मृत्यु भएको हो। मृतकको शव अस्पतालले र्यापिङ गरी आफन्तलाई जिम्मा दिएको प्रहरीले जनाएको छ। त्यसबारे जिल्ला प्रहरी कार्यालय इलामसंग समन्वय गर्ने कार्य भइरहेको जनाइएको छ।

ज्वरो आउने बिरामी भई स्थानीय अस्पतालमा उपचार गराउँदा ठिक नभएपछि दुई दिनअघि उनलाई बिर्तामोडस्थित बिर्ता सिटि अस्पतालमा ल्याई सोमवार चेकजाँच गर्दा कोरोना पोजेटिभ देखिएको थियो। त्यसपछि थप उपचारको लागि उनलाई विराटनगर लगिएको थियो।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार पछिल्लो पटक २०८० साल वैशाख २१



गतेदेखि कोरोना सङ्क्रमणका कारण कसैको मृत्यु भएको थिएन।

महाशाखाको तथ्याङ्क अनुसार २४ घण्टामा सात जनामा कोरोना पुष्टि भएको मध्ये एक जना सङ्क्रमितको मृत्यु भएको हो। नेपालमा पुषयता २५ जिल्लाबाट १८७ जनामा कोरोना पुष्टि भएका छन्।

कोरोना सङ्क्रमण सबैभन्दा बढी बागमती प्रदेशमा १४७, कोशी प्रदेशमा सात, मधेश प्रदेशमा पाँच, गण्डकी प्रदेशमा तीन र सुदुरपश्चिम प्रदेशमा २१ जना छन्।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीका अनुसार टेकुस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा जिन सिक्वेसिङ गर्दा नेपालमा ओमिक्रोनका विभिन्न नयाँ सबभेरिएन्ट पुष्टि भएका छन्।

उनी भन्छन्, "नेपालमा हाल ओमिक्रोनको नयाँ पुस्ता पुष्टि हुने क्रम जारी छ। हाल सात वटा लिनेज एक्सएफजी, तीन वटामा एक्सएफजी तीन, एउटामा एक्सएफजी ३।१ र दुई वटामा जेएन १ पुष्टि भएको परीक्षणले देखाएको छ।"

विशेषगरी भारतबाट फर्कनेमा सीमा नाकामा रहेका हेल्थ डेक्समा आरडिटी परीक्षण गर्दा कोरोना पुष्टि हुने क्रममा बढ्दो रहेको डा. बुढाथोकीको भनाइ छ।

ओमिक्रोनको सब भेरिएन्ट कोभिड-१९ गराउने सार्स कोभ-२ भाइरसको ओमिक्रोनको विकासित रूप हुन्। भाइरस लगातार अनुवंशिक पमा परिवर्तन भइरहन्छ। यस्ता भेरिएन्टले छुट्टै विशेषता देखाउने गर्छ।

# जिल्लास्तरीय वक्तृत्वकला जित्ने सबै छात्रा

झापा(प्रस)। झापाको बिर्तामोडमा मंगलबार आयोजित जिल्लास्तरीय वक्तृत्वकला प्रतियोगितामा छात्राहरूले उत्कृष्ट प्रस्तुति दिँदै सबै उपाधि जितेका छन्।

"लागूऔषध दुर्व्यसनमुक्त समाज निर्माणमा युवा र समाजको भूमिका" शीर्षकमा आयोजित यस प्रतियोगितामा १५ वटा पालिकाका २९ जना विद्यार्थी सहभागी थिए।

जसमा १४ जना छात्र र १५ जना छात्रा थिए।

बिर्तामोडस्थित न्यूटन्स एजुकेसन एकेडेमीको हलमा आयोजित प्रतियोगितामा हिमज्योति अंग्रेजी बोर्डिङ स्कुल दमक ९ की शीतल कुँवर प्रथम भइन्। उनले नगद १० हजार रुपैयाँसहित पुरस्कार प्राप्त गरिन्। त्यसैगरी, जयपुर बोर्डिङ स्कुल बुद्धशान्ति २ की पुजन आचार्य द्वितीय हुँदै ७ हजार रुपैयाँको हकदार बनिन् भने इस्ट होराइजन अंग्रेजी मावि धुलाबारीकी रेजिना बनले तृतीय स्थान हासिल गर्दै ५ हजार रुपैयाँ प्राप्त गरिन्।

सान्त्वना पुरस्कार पाउनेहरूमा कमल गाउँपालिका ३ को निहारिका अंग्रेजी माविकी छात्रा जुनु दंगाल र बिर्तामोड नगरपालिका २ को मोहनमाया माविकी छात्रा दिप्ती सुवेदी रहेका छन्। उनीहरूले जनही १ हजार ५ सय रुपैयाँ प्राप्त गरे।

जिल्ला प्रशासन कार्यालयको आयोजनामा, शिक्षा विकास समन्वय इकाईको समन्वयमा तथा हिसान, प्याब्सन र एन-प्याब्सनको सहकार्यमा सम्पन्न यस कार्यक्रमले लागूऔषध दुर्व्यसनविरुद्ध जनचेतना फैलाउने उद्देश्य राखेको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै झापाका प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले लागूपदार्थको सेवन लुकाएर गरिने भएकाले यस्ता वस्तुबाट बच्न सबैलाई आग्रह गरे।

यस प्रतियोगिताले लागूऔषधमुक्त समाज निर्माणमा युवा पुस्ताको भूमिकालाई उजागर गर्न महत्वपूर्ण योगदान पुर्याउने विश्वास गरिएको छ।

# सेनाद्धारा ७ वटा विद्यालयमा एनसीसी तालिम सुरु

झापा(प्रस)। नेपाली सेनाले झापामा विद्यालयस्तरीय राष्ट्रिय सेवा दल (एनसीसी) जुनियर डिभिजन तालिम सुरु गरेको छ। चारआलीस्थित नेपाली सेनाको अरिदमन गणले जिल्लाका सामुदायिक र संस्थागत गरी ७ वटा विद्यालयमा उक्त तालिम सञ्चालन गरेको हो। अरिदमन गणका गणपति प्रमुख सेनानी प्राजु बस्न्यात र सेनानी सुरेन्द्र योगीले सोमवार इष्ट होराइजन इङ्गलिस स्कुल धुलावारी, एरा एभरग्रिन इङ्गलिस स्कुल बुद्धशान्ति, धुलावारी माध्यमिक विद्यालय धुलाबारी, टावर टेम्पल इङ्गलिस स्कुल बिर्तामोड, शनिश्चरे मा.वि. शनिश्चरेमा तालिम उद्घाटन



गरेका थिए भने मंगलवार झिलझिलेस्थित सेभेन सिज पब्लिक इङ्गलिस स्कुल र दमकस्थित झापा मोडल इङ्गलिस स्कुलमा सि.सं. ५१ जुनियर डिभिजन एनसीसी तालिम उद्घाटन भएको छ। उद्घाटन भएका विद्यालयमा हिजोदेखि तालिम सुरु भएको नेपाली सेनाको चारआलीस्थित अरिदमन गणका सेनानी नरेन्द्रप्रसाद खतिवडाले जानकारी दिए। एक सय दिनको एनसीसी तालिमअन्तर्गत ७९ दिन विद्यालयमै सञ्चालन हुनेछ भने बाँकी २१ दिनको तालिम 'क्लोज क्याम्प'का रूपमा मोरङको याङशिलास्थित राष्ट्रिय सेवा दलको पूर्वी तालिम शिक्षालयमा हुने अरिदमन गणका गणपति प्रमुख सेनानी बस्न्यातले बताए। सो तालिमबाट विद्यार्थीहरु राष्ट्रप्रेम, नेतृत्व विकास, अनुशासन, जवाफदेहिता, इमान्दारिता र वफादारिताका बारेमा प्रशिक्षित हुने उनले बताए।

"यसका अलावा सैन्यलगायत मानवीय र सामाजिक सेवाका बारेमा विद्यार्थीलाई तालिम दिइन्छ", उनले भने। उनका अनुसार विपद् व्यवस्थापन, सरसफाइ तथा वातावरण लगायतका विषयमा समेत जानकारी गराइन्छ। झापामा यो वर्ष २ सय १० जना विद्यार्थीलाई यस्तो तालिममा सहभागी गराइने गणले जनाएको छ। एउटा विद्यालयबाट छात्र १५ र छात्रा १५ गरि ३० जना तालिममा सहभागी हुन पाउने छन्। जुनियर डिभिजनमा कक्षा

❖ बाँकी अन्तिम पृष्ठमा

# रास्वपाले बुझायो ज्ञापनपत्र

समिति गठनसहित गृहमन्त्रीको राजीनामा माग गर्दै राष्ट्रिय स्वतन्त्र पार्टी झापाले जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाएको छ। पार्टीका कार्यवाहक सभापति प्रकाश पाठकको नेतृत्वमा मङ्गलबार विभिन्न प्लेकार्डसहित गएका र्यालीका सहभागीहरुले ६ बुँदे मागसहित झापाका सहायक प्रमुख जिल्ला अधिकारी तेजप्रकाश प्रसाईमार्फत नेपाल सरकारलाई ज्ञापनपत्र बुझाएका हुन्।

विगत केही वर्षहरुमा भिजिट भिसाको नाममा नुपर्ने, नीतिगत एवं प्रणालीगत कमजोरीहरुको पहिचान र विश्लेषण (भिजिट भिसा, श्रम स्वीकृति अध्यागमन ,मानव तस्करी र सङ्गठित अपराधसँग सम्बन्धित सरकारी कर्मचारी, ट्राभल एजेन्सी, म्यानपावर कम्पनी लगायत व्यक्ति तथा संस्थाहरुको भूमिकाको निष्पक्ष छानविन, अवैध सञ्जालमाथि अध्ययन, अनुसन्धान, पीडितको संरक्षण र पीडितमैत्री पुनर्स्थापनाका लागि प्रशासनिक एवं न्याय प्रणालीबारे सुझाव ,अन्तर निकाय समन्वय र सहकार्यबारे सुधार सिफारिस,



भएको मानव तस्करी र सङ्गठित अपराधमा सरकारी संयन्त्र , ट्राभल एजेन्सी ,म्यानपावर कम्पनी, एयरलाइन्स र नेपाली तथा विदेशी नियोगहरुको संलग्नताको आशङ्का भएको हुँदा यसको व्यापक र बहुआयामिक अनुसन्धान गर्न उच्चस्तरीय छानविन समिति गठन , छानविन समितिको कार्यक्षेत्र , संरचना व्यवस्थापन र अधिकार निर्धारण गर्न कार्यसम्पादन समिति गठन गरी सोही समितिबाट छानविन समिति गठन गर्नुपर्ने, छानविन प्रक्रियामा गृह मन्त्रालय मातहतका अध्यागमन विभाग, नेपाल प्रहरी र परराष्ट्र मन्त्रालय, नागरिक उड्डयन प्राधिकरण र अन्य सरोकारवाला निकायहरुको प्रभावकारी समन्वय गर्दै छानविन पारदर्शी , तथ्यमा आधारित र समयसीमाभित्र सम्पन्न हुने सुनिश्चित गरि अनुसन्धान प्रक्रिया र अध्ययन प्रतिवेदन सार्वजनिक गर्दा पारदर्शिताको उच्च मापदण्ड , छानविन तथ्यमा आधारित र समयसीमाभित्र सम्पन्न गरी दोषीलाई कानुनबमोजिम हदैसम्म कारबाही गरी पीडितलाई संरक्षण र राहतको व्यवस्था गरिनुपर्ने र मानव तस्करी जस्तो गम्भीर विषयमा राजनीतिक, प्रशासनिक ,जवाफदेहिता र कर्तव्यको अपेक्षासहित गृहमन्त्रीको राजीनामा समेत ज्ञापनपत्रमा उल्लेख छ।

कार्यवाहक जिल्ला सभापति पाठकले बाचन गरेको ज्ञापनपत्रलाई पार्टीका केन्द्रीय सङ्गठन विभाग सदस्य ओमनाथ भण्डारीले बुझाएका थिए। पार्टीको निर्देशन अनुसार झापासहित देशभरीका जिल्ला र स्थानीय तहमा ज्ञापनपत्र बुझाइएको उनले बताए।

# विद्युतीय सवारी साधनप्रतिको आकर्षण बढ्दो

• **लक्ष्मी उप्रेती**

मेचीनगर। ग्राहकहरू विद्युतीय सवारी साधनप्रति आकर्षित भएसँगै बजारमा यसको माग बढ्दो छ। ग्राहकहरूमा विद्युतीय साधनप्रति विश्वास पनि बढेको छ। मानिसहरूमा विद्युतीय सवारी साधनप्रति विश्वास बढेसँगै पेट्रोलियम पदार्थको आयात समेत घटेको छ।

काँकरभिट्टा नाकाबाट हुने पेट्रोलियम पदार्थको आयात ८ दशमलव ३५ प्रतिशतले घटेको छ। ग्राहकहरूको विद्युतीय सवारी साधनप्रति आकर्षित भएसँगै डिजेल पेट्रोलबाट चल्ने सवारी साधन कम हुन थालेपछि बजारमा पेट्रोलियम पदार्थको माग कम भएसँगै आयात समेत घटेको अधिकारीहरुको भनाई छ।

चालु आर्थिक वर्ष २०८१/०८२ को एघार महिनामा पूर्वी काँकरभिट्टा नाकाबाट हुने पेट्रोलियम पदार्थको आयात ८ दशमलव ३५ प्रतिशतले घटेको छ।

मेची भन्सार कार्यालय काँकरभिट्टाले सार्वजनिक गरेको तथ्यांक अनुसार चालु आर्थिक वर्ष २०८१/०८२ को जेठ मसान्तसम्ममा यो नाका भएर १७ अर्ब ५९ करोड ६९ लाख ६ हजार रुपैयाँका १ लाख ९५ हजार ३ सय १० किलोलिटर (डिजेल, पेट्रोल, मट्टितेल, ग्यास र हवाई इन्धन) पेट्रोलियम पदार्थ आयात भएका छन्।

कार्यालयका सूचना अधिकारी इश्वरकुमार हुमागाईंले गत आर्थिक वर्ष २०८०/०८१ मा १९ अर्ब २० करोड ३८ हजार रुपैयाँ बराबरको १ लाख ८५ हजार २१ किलोलिटर (डिजेल, पेट्रोल, मटितेल, ग्यास र हवाई इन्धन) पेट्रोलियम पदार्थ आयात गरिएको बताए। खासगरी यो नाका भएर पेट्रोल, डिजेल, खाना पकाउने एलपी ग्यास, हवाई इन्धन एटीएफ र मट्टितेल आयात हुने गरेको छ।

गत वर्षको तुलनामा चालु आवको एघार महिनामा बजारमा इन्धनको खपत कम हुँदा आयातमा कमी आएको भन्सार अधिकारीहरुले जनाएका छन्। औद्योगिक प्रयोजनमा डिजेल खपत हुने गरेको भएपनि पछिल्लो समय विविध कारण उद्योगहरू पूर्ण क्षमतामा सञ्चालन हुन नसकेको व्यवसायीहरुको भनाई छ।

गतवर्ष यो अवधिमा ६ अर्ब ९७ करोड ३० लाख २ हजार रुपैयाँ बराबरको ६५ हजार ७ सय ४० किलोलिटर डिजेल आयात भएकोमा चालु आर्थिक वर्षमा घटेर ६ अर्ब २६ करोड ७१ लाख ४८ हजारमा झरेको कार्यालयको अभिलेख छ। काँकभिट्टा नाका भएर चालु आवको एघार महिनामा ६८ हजार ८ सय २० किलोलिटर डिजेल आयात भएको छ।

त्यसैगरी, पेट्रोलको आयातमा समेत भारी गिरावट आएको छ। चालू आर्थिक वर्षको एघार महिना अर्थात साउनदेखि जेठ मसान्तसम्म पूर्वी नाकाबाट ८ अर्ब ११ करोड ५९ लाख ५६ हजार रुपैयाँको ९३ हजार ८ सय २४ किलोलिटर पेट्रोलको आयात भएको छ। यसअघिको आवको सोहि अवधिमा ८ अर्ब ६९ करोड ३८ लाख १० हजार रुपैयाँको ८६ हजार ८ सय ५२ कलिोलिटर पेट्रोलको आयात भएको कार्यालयका सूचना अधिकारी हुमागाईंले बताए।

कलकारखाना, उद्योग सञ्चालनमा कमि, बजारमा विद्युतीय सवारी साधनको चाप बृद्धिले यस्ता वस्तुको आयातमा कमि आएको बताइएको छ।

विद्युतीय सवारी साधनको बजारमा यसको माग बढ्दो छ। ग्राहकहरूमा विद्युतीय साधनप्रति विश्वास पनि बढेको छ। विद्युतीय सवारी साधनको सञ्चालन खर्च इन्धनबाट चल्ने सवारी साधनको तुलनामा कम पर्ने, मानिसहरू वातावरणीय प्रभावप्रति सचेत हुन थाल्नुले धेरैको पहिलो रोजाइमै विद्युतीय सवारी साधन पर्न थाले र इन्धनबाट सञ्चालन हुने सवारी साधन सडकमा गुड्न पनि कम हुन थालेकै कारण पेट्रोलियम पदार्थको आयात कम हुन सक्ने नेपाल टुर एण्ड ट्राभल एजेण्ट् नाट्टा कोशी प्रदेशका निवर्तमान अध्यक्ष एवम् ट्राभल व्यवसायी उदयकुमार श्रेष्ठको भनाई छ।

डिजेल र पेट्रोलको मात्रा होइन मटिट्तेल र हवाई इन्धन एटीएफको आयातमा समेत कमि आएको छ। उता खाना पकाउने एलपी ग्यासको आयात बृद्धि भएको बताइएको छ। चालु आवको एघार महिनामा २ अर्ब ५९ करोड ९२ लाख ६५ हजार रुपैयाँको २३ हजार ४ सय ३८ एमटि खाना पकाउने एलपी ग्यास, ६१ करोड २० लाख ७१ हजार रुपैयाँको ६ हजार ७ सय ८ किलोलिटर एटीएफ र २२ करोड ७१ लाख ५७ हजार रुपैयाँको २ हजार ५ सय २० किलोलिटर मट्टितेल आयात गरिएको छ।

गत आवको सोहि अवधिमा २ अर्ब ३५ करोड २५ लाख ५४ हजार रुपैयाँको २३ हजार १४ एमटि खाना पकाउने एलपी ग्यास, ७७ करोड १६ लाख १८ हजार रुपैयाँको ७ हजार २ सय २० किलोलिटर हवाई इन्धन एटिएफ र २२ करोड ९० लाख ५४ हजार रुपैयाँ२ हजार १ सय ६८ किलोलिटर मट्टितेल आयात भएको छ।

# शिवाकोटीले हेभन पार्क नगरपालिकामा दर्ता गराएनन्



झापा(प्रस) । बिर्तामोड नगरपालिकाका अरु मत्स्यपालकहरुले दर्ता गराएपनि पूर्व नगर प्रमुख ध्रुवकुमार शिवाकोटी स्वयंले आफ्नो हेभन वाटर पार्क नगरपालिकामा दर्ता गराएका छैनन् ।

नगरभित्र रहेका व्यवसायिक पोखरीहरु नगरपालिकाको पशुपंछी तथा मत्स्य विकास शाखामा दर्ता गर्नुपर्ने प्रावधान रहेकोमा पूर्व नगर प्रमुख शिवाकोटीले नगराएका हुन् । यद्यपि स्थानीय सरकारबाट प्राप्त गर्नुपर्ने सेवासुविधा शिवाकोटीले प्राप्त गरिरहेका छन् । पशुपंछी तथा मत्स्य विकास शाखामा नगरका २५ वटा मत्स्यपालक फार्मले दर्ता गराएका छन् । कट्ठादेखि विगाहसम्म पोखरी भएका मत्स्यपालकहरुले आआफ्नो फार्म दर्ता गराएको पशुपंछी तथा मत्स्य विकास शाखाले जनाएको छ । पूर्व नगर प्रमुख शिवाकोटीको हेभन पोखरी , विशाल राईको विशाल कृषि फार्मजस्ता ठूला मत्स्यपालकहरुले दर्ता नगराएको बताइएको छ । विर्तामोड-२ मा १६ विगाह क्षेत्रफलमा ११ वटा पोखरी बनाएर शिवाकोटीले २०७३ वैशाखदेखि माछापालन गर्दै आएका छन् ।

# नेपाल बार एसोसिएसनको महिला समिति गठन



झापा(प्रस)। नेपाल बार एसोसिएसनको महिला समिति गठन भएको छ । वार एसोसिएसनका उपाध्यक्ष अधिवक्ता सरस्वती श्रेष्ठको अध्यक्षतामा महिला समिति गठन भएको हो ।

वार एसोसिएसनको विधान, २०४८ को धारा २७क(४) बमोजिम महिला समिति गठन गरिएको हो। विधानमा वार एसोसिएसनको वर्तमान महिला उपाध्यक्ष महिला समितिको पदेन अध्यक्ष र वर्तमान सदस्यहरु र जिल्ला वारका सहसचिवहरू पदेन सदस्य रहने ब्यबस्था छ।

वार एसोसिएसन उपाध्यक्ष श्रेष्ठको अध्यक्षतामा गठित महिला समितिमा वार एसोसिएसनका सदस्यहरू अधिवक्ता शारदा गुरुङ, अधिवक्ता रन्जिता कार्की, अधिवक्ता इन्दिरा आचार्य पदेन सदस्य रहेका छन् भने सदस्य सचिवमा वार सदस्य अधिवक्ता रिंकुकुमारी यादव रहेकी छन् । त्यसैगरी अन्य पदेन सदस्यहरू सबै वार एकाईका सहसचिव रहने प्रावधान अनुसार झापाबाट वार एकाईका सहसचिव एवं झापा वार महिला समितिकी अध्यक्ष अधिवक्ता सानु कार्की बस्नेत "सिता" पदेन सदस्य रहेकी छन् । विधिको शासन, स्वतन्त्र न्यायपालिका र मर्यादित र निष्पक्ष बार स्थापित गर्ने उद्देश्यका साथ वरिष्ठ अधिवक्ता देवनाथप्रसाद वर्माको संयोजकत्वमा २०१३ साल पौष ७ गते वार एसोसिएसन स्थापना भएको हो। हाल २०८१ चैत्र २३ गते २७ औ केन्द्रीय कार्यसमितिको निर्वाचन भई प्रा डा विजयप्रसाद मिश्रको अध्यक्षतामा नयाँ कार्यसमिति निर्वाचित भएको छ। केन्द्रीय कार्यसमितिमा महिला उपाध्यक्ष, महासचिव, कोषाध्यक्ष र सदस्यहरूमा महिलाको प्रतिनिधित्व भएतापनि वार एसोसिएसन अध्यक्षमा महिलाको प्रतिनिधित्व हुन सकेको छैन। अब, महिला प्रतिनिधित्व बढाई समाजमा महिला पीडित हुने अवस्थालाई अन्त्यका लागि कानून व्यवसायी महिलाको पेशागत दक्षता र क्षमताको विकास गर्दै महिलामाथि समान र सम्मानजनक ब्यवहार नगर्ने जोसुकै पीडकलाई दण्डित गर्ने कानून निर्माण हुन पहल गर्न महिला समिति लाग्नुपर्ने झापा बारका सहसचिव एवं झापा वार महिला समिति अध्यक्ष अधिवक्ता सानु कार्की बस्नेत "सिता"ले बताइन् ।नेपालमा कानून ब्यबसायी महिलाको रुपमा शान्तिदेवी थापा प्रथम कानून व्यवसायी हुन् भने हाल कानून व्यवसायी परिषदको २०८१ को रेकर्ड अनुसार ४ हजार १ सय ९७ जना महिलाले कानून व्यवसायी परिषदबाट प्रमाणपत्र लिएको देखिन्छ । कानून व्यवसायी परिषद ऐन, २०५० बमोजिम हाल २१ हजार ५ सय ४० जना कानून व्यवसायीलाई प्रमाणपत्र प्रदान गरिएको छ।

## सेनाद्वारा ७...

८ देखि १० सम्मका विद्यार्थी सहभागी गराइने उनले जानकारी दिएका छन् । तालिमपश्चात् विद्यार्थीमा अनुशासन, वफादारिता तथा इमानदारिता, राष्ट्रिय एकताको भावना, नेतृत्व क्षमताको विकासका लागि थप सहज हुने जनाइएको छ । यस्तै विद्यार्थीले तालिमका अवसरमा एरोविक्स, तेक्वान्दो, आइकिदो, विपद् व्यवस्थापनमा उद्धार गर्न स्वयंसेवी भूमिका तथा अन्य साहसिक तालिम पाउनेछन् । तालिममा प्रथम भएको विद्यालयका विद्यार्थीलाई विभिन्न मुलुक पठाउने गरिएको छ । "अनुशासन नै राष्ट्र सेवाको मूल जग हो" भन्ने आदर्श वाक्य लिएको राष्ट्रिय सेवा दलले "राष्ट्रिय सेवा दल ऐन २०२७" मा आधारित रही वि.सं. २०२२ देखि हालसम्म सिनियर डिभिजनतर्फ १४ हजार १३५ जना र जुनियर डिभिजनतर्फ ६८ हजार ४९ जना गरी कूल ८२ हजार १८४ जना क्याडेट छात्रछात्राहरुले सफलतापूर्वक राष्ट्रिय सेवा दलको तालिम प्राप्त गरिसकेका छन् ।

राष्ट्रिय सेवा दलको बढ्दो मागलाई सम्वोधन गर्न नेपाल सरकारले यस सेवा दलको तालिमलाई बिशेष प्राथमिकतामा राखेअनुरुप यस आर्थिक वर्ष ०८२￼८३ मा नेपालका ७७ वटै जिल्लाका २५७ वटा विद्यालयहरुमा सिनियर १ हजार ८० र जुनियर ६ हजार ६३० गरी जम्मा ७ हजार ७१० जना क्याडेट छात्र छात्राहरुलाई सहभागी गराई राष्ट्रिय सेवा दल तालिम सञ्चालन गर्ने योजना रहेको र सरकारमार्फत नेपाली सेनाले सात मित्रराष्ट्रसँग युवा विद्यार्थीको अनुभव आदान-प्रदान कार्यक्रम सञ्चालन गर्दै आएको जनाइएको छ ।


## बिर्तामोड नगरपालिका
### नगरकार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा
कोशी प्रदेश, नेपाल

## सेवा प्रवाह बन्द हुने बारेको सूचना

उपरोक्त विषयमा यही मिति २०८२ साल असार ०९ गते सोमबार बिर्तामोड नगरपालिकाको दोस्रो नगरसभाको सातौं अधिवेशन हुने भएकाले मिति २०८२।०२।१६ गतेको कार्यपालिका बैठकको निर्णयानुसार उक्त दिन अत्यावश्यक बाहेकका सम्पूर्ण सेवा प्रवाह बन्द हुने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । सेवा प्रवाह बन्द भएको कारणले सेवाग्राहीमा पर्न गएको असुविधा प्रति बिर्तामोड नगरपालिका क्षमाप्रार्थी छ ।

सागर मिश्र
प्रमुख प्रशासकिय अधिकृत

## स्वच्छ सहर – स्वस्थ्य सहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय समयमा मर्मत सम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं, जथाभावी नफालौं,
- करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट विरुवा तथा फूलको संरक्षण गरौं,
- स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय समयमा मर्मत संभार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं,
- "सहरलाई सुन्दर बनाऔं"

नेपाल सरकार
विज्ञापन बोर्ड


# कृष्णे खोलाले बगाएर बालकको मृत्यु



झापा(प्रस) । झापाको कमल गाउँपालिका १ स्थित कृष्णे खोलाले बगाएर एकजना बालकको मृत्यु भएको छ ।

मंगलवार बिहान अन्दाजी ७:३० बजे कृष्णे खोलाको बगरमा कमल वडा नं.१ रतनचौन बस्ने मिङमारेन्जे शेर्पाका छोरा १२ वर्षीय सुसान शेर्पाको शव भेटिएको हो ।

उनी दुई दिनअघि कोही कसैलाई जानकारी नगराई घरबाट आफूखुसी हिडेका थिए । घर फर्की नआएपछि छरछिमेकी, आफन्त र नातागोतामा खोजतलास गरिएको थियो ।

उनी फेला नपरेपछि उनका बुबाले सोमवार प्रहरी चौकी तोपगाछीमा हुलियासहितको निवेदन दिएका थिए ।


"बचत गरौं, भविस्य सुनिश्चित बनाऔं"

## कलवलगुरी कृषि सहकारी संस्था लि.

कार्यालय :- भद्रपुर- १०, झापा

## कर्जा बुझाउने सम्बन्धी १५ दिने सूचना

प्रथम पटक प्रकाशित मिति :- २०८२।०३।११

यस कलवलगुरी कृषि सहकारी संस्था लि.भद्रपुर - १० बाट धितो कर्जा कारोवार गर्ने तपशिल अनुसारका ऋणी सदस्यहरुले संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा तथा ब्याजको नियमित मासिक किस्ता विगत लामो समयदेखि नबुझाएको र ऋण रकम बुझाउने किस्ता भाखा अन्तिम भाखा समेत नघिसकेको र पटक पटक लिखित एवम् मौखिक तागेता गर्दा समेत अटेर गरि हालसम्म आफूले तिर्नु बुझाउनु पर्ने सम्पुर्ण साँवा तथा ब्याज फरफारक नगरेको हुँदा यो सूचना जारी गरिएको छ । अत : यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आफूले बुझाउन बाँकी सम्पूर्ण रकम बुझाउन वा बुझाइसकेको भए प्रमाणसहित संस्थामा सम्पर्क राख्न सूचित गरिन्छ । अन्यथा ऋणको सुरक्षण वापत संस्थामा रहेको धितो लिलाम गरि संस्थाले लिने रकम सम्पूर्ण साँवा ब्याज असुल उपर गरिने ब्यहोरा सम्बन्धित सबैमा यसै सूचनाद्वारा सूचित गरिन्छ । यसबाट पर्न जाने कुनै पनि सामाजिक प्रतिष्ठामा आँच आएमा संस्था जवाफदेही नरहने समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

तपशिल :

| क्र.स | ऋणीको नाम, थर | ठेगाना | बाजेको नाम | बाबुको नाम | पति/पत्नीको नाम | जग्गाधनीको नाम , थर | ठेगाना |
|---|---|---|---|---|---|---|---|
| १ | कृष्ण भुर्तेल | भद्रपुर-१० | नरहरी भुर्तेल | हरि प्रसाद भुर्तेल | मिना थपलिया | कृष्ण प्रसाद भुर्तेल/मिना थपलिया | हाल- भद्रपुर-१० |
| २. | सरिता कचारी पराजुली | भद्रपुर-१० | पति- राजु पराजुली | रामचन्द्र कचारी | राजु पराजुली | पवित्रादेवी पराजुली | हाल- भद्रपुर-१० |

कलवलगुरी कृषि सहकारी संस्था लि.
भद्रपुर- १०, झापा

## यस बैंकको ऋणीले धितो सुरक्षणमा दिएको सम्पत्ति लिलाम सकार गर्दा समेत असुली पर्याप्त नभई बाँकी रहेको बैंकको लेना रकम भुक्तानीको लागि जमानतदाताको नाममा जारी गरिएको

## ९० दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/०३/११

यस बैंकको तपसिल बमोजिमको कर्जा/सुविधा लिने ग्राहकले म्याद भित्र कर्जा चुक्ता नगरी लिखित तथा मौखिक तारताकेता गर्दा समेत कर्जा चुक्ता नभएकाले यस बैंकले विभिन्न मितिमा सूचना प्रकाशित गरि ऋणी/धितोजमानतकर्ताहरुले यस बैंकको नाममा लेखीलेखाई दिएको धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री/धितो सकार गर्दा समेत कर्जा असुली पर्याप्त नभएकाले यो सूचना प्रकाशित भएको ९० दिनभित्र यस बैंकको सम्बन्धित शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा सम्पर्क गरि असुली हुन बाँकी रहेको रकम चुक्ता भुक्तान गर्नु हुन जानकारी गराउँदछौं । अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ तथा प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि व्यक्तिगत जमानीकर्ताहरु लगायत ऋण/कर्जासँग सम्बद्ध पक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश गर्न लेखि पठाई बैंकको लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारबाही अघि बढाई ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्न सकिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराउँदछौं ।

तपसिल

**ऋणीको विवरण** : प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय विराटनगर मोरङ्गमा मिति २०६३/०६/२५ मा प्रा.फ.र.नं. २१२७२/०६३ अन्तर्गत रजिष्टर्ड/दर्ता भएको रजिष्टर्ड ठेगाना मोरङ्ग जिल्ला, विराटनगर म.न.पा., वडा नं. ५ भै हाल सोही स्थान स्थित **श्री सिद्दि विनायक ट्रेडिङ्ग**का तर्फबाट ऐ. फर्म का प्रोप्राईटर आशोक कुमार देवकी छोरी, जीवन कुमार पौद्दारकी पत्नी नागरिकता बमोजिम सुनसरी जिल्ला, ईनरुवा गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, विराटनगर म.न.पा., वडा नं. ४ बस्ने मिति २०५९/०५/३० मा जि.प्र.का. सुनसरीबाट जारी गरिएको ना.प्र.नं. ७२३५५/७३३५५ भएको वर्ष ४६ की **नितु देव** ।

**व्यक्तिगत जमानतकर्ताहरुको नाम थर तथा तीन पुस्ते विवरण**

**१.व्यक्तिगत जमानीकर्ता:**
नाम : पुनम पौद्दार
बाबु : सुशील पौद्दार
पति : पवन पौद्दार
ना.प्र.नं : १६३३७ (जारी मिति : २०६८/०४/१२, मोरङ्ग)
ठेगाना: मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा वडा नं. ५ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, विराटनगर म.न.पा., वडा नं. ४ बस्ने ।

**२.व्यक्तिगत जमानीकर्ता:**
नाम : रेणु देवी पौद्दार
बाबु : भुमि पौद्दार
पति : पारस कुमार पौद्दार
ना.प्र.नं : ८९३२ (जारी मिति : २०६४/०६/०३, मोरङ्ग)
ठेगाना: मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा., वडा नं. ५ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, विराटनगर म.न.पा., वडा नं. ४ बस्ने ।

**३.व्यक्तिगत जमानीकर्ता:**
नाम : पारस कुमार पौद्दार
बाबु : उपेन्द्र पौद्दार
बाजे : रामविलास पौद्दार
ना.प्र.नं : १०३४ (जारी मिति : २०६४/०५/३१, मोरङ्ग)
ठेगाना: मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा., वडा नं. ५ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, विराटनगर म.न.पा., वडा नं. ४ बस्ने ।

**४.व्यक्तिगत जमानीकर्ता:**
नाम : पवन पौद्दार
बाबु : उपेन्द्र पौद्दार
बाजे : रामविलास पौद्दार
ना.प्र.नं : १०३६ (जारी मिति : २०६४/०५/३१, मोरङ्ग)
ठेगाना: मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा., वडा नं. ५ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, विराटनगर म.न.पा., वडा नं. ४ बस्ने ।

**५.व्यक्तिगत जमानीकर्ता:**
नाम : जिवन कुमार पौद्दार
बाबु : उपेन्द्र पौद्दार
बाजे : रामविलास पौद्दार
ना.प्र.नं : १०३५ (जारी मिति : २०६४/०५/३१, मोरङ्ग)
ठेगाना: मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा., वडा नं. ५, स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, विराटनगर म.न.पा वडा नं. ४ बस्ने ।

**६. धितो जमानीकर्ता / व्यक्तिगत जमानीकर्ता :**
नाम :- नितु देव (पौद्दार)
बाबु :- आशोक कुमार देव
पति : जीवन कुमार पौद्दार
ना.प्र.नं : ७२३५५/७३३५५ (जारी मिति : २०५९/०५/३०, सुनसरी)
ठेगाना :- सुनसरी जिल्ला, ईनरुवा गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. ४ बस्ने ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

केन्द्रिय कार्यालय कर्जा असुली विभाग


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# ट्रम्पको प्रयास

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरान र इजरायलबीचको १२ दिन लामो युद्धपछि सोमबार राति युद्धविराम घोषणा गरे । उनले यसलाई 'अनन्तकालसम्म चल्ने शान्ति'को शुरूवातको रूपमा चित्रित गरे । तर, यो शान्ति यथार्थ नभई ट्रम्पले आफ्नो शैलीमा चलाएको भ्रम हो भन्ठान्नेहरूको कमी छैन । किनभने, मध्यपूर्वमा यसअघि भएका युद्धहरू शान्ति सम्झौतापछि पनि पटक-पटक बल्झिएका छन् । युद्धरत पक्षहरूले एकले अर्कालाई दोष लगाउँदै पुनः आक्रमणमा उत्रिएका घटना मध्यपूर्वमा निकै आम हो ।
युद्धविरामबारे जानकारी दिँदै ट्रम्पले ट्रुथ सोसलमा लेखेका थिए, 'बधाई छ संसार, अब शान्तिको समय शुरू भयो !' सोमबार राति इरानबाट कतारस्थित अमेरिकी सैन्य बेसमा आएका सीमित मिसाइल देखेर ट्रम्प उत्साहित भएका थिए ।
अमेरिकाले इरानस्थित तीनवटा आणविक संरचनामा आक्रमण गरेपछि इरानले 'राम्रैसँग' जवाफ दिने चेतावनी दिएको थियो । तर, कतारमा इरानले गरेको कमजोर जवाफी आक्रमण देखेरै ट्रम्पले इरान थप अघि बढ्न नचाहेको निष्कर्ष निकाले ।
त्यसको केही घण्टामै उनले इरान र इजरायलबीच मंगलबारदेखि युद्धविराम लागू हुने बताए । तर, युद्धविराम घोषणा हुनुअघि नै दुवै देशले आक्रमण जारी राखेका थिए । इरानले क्षेप्यास्त्र प्रहार रोकेको थिएन भने इजरायली ड्रोनहरू इरानी आकाशमा घुमिरहेका थिए । तेहरानमाथि बमबारी चलिरहेको थियो ।
ट्रम्पले सामाजिक सञ्जालमा लेखेको घन्टौंसम्म पनि युद्ध रोकिने कुनै सम्भावना देखिएको थिएन । त्यसपछि मंगलबार बिहान ११ बजेतिर (नेपाली समय) इजरायलले एक विज्ञप्ति जारी गर्दै अमेरिकाले गरेको युद्धविराम प्रस्ताव स्वीकारेको बतायो ।
अमेरिकी स्टेल्थ बम वर्षकहरूले इरानमाथि आक्रमण गरेको ४८ घण्टाभित्रै ट्रम्प आफूलाई 'महान सम्झौताकार'को रूपमा चित्रण गर्न व्यस्त छन् ।

एनबीसी न्यूजसँगको अन्तर्वार्तामा उनले भने, 'मलाई लाग्छ, युद्धविराम अनन्तकालसम्म चल्नेछ । अब इरान र इजरायलले कहिल्यै एकअर्कामाथि गोली चलाउने छैनन् ।'

विश्लेषकहरू ट्रम्पको यस्तो दाबी साहसी मात्र नभएर खतरनाक पनि रहेको बताउँछन् । विशेषगरी, मध्यपूर्व जस्तो अस्थिर क्षेत्रमा युद्धविराम अनन्तकालसम्म जारी रहेको उदाहरण अहिले छैन । यथार्थ के हो, त्यो आउँदो घटनाले प्रमाणित गर्नेछ ।
इजरायल र इरानबीचको युद्धविरामपछि ट्रम्पले आफू राष्ट्रपति बनेयता सबैभन्दा महत्वपूर्ण सैन्य र कूटनीतिक सफलता हासिल गरेको दाबी गर्न गरेका छन् ।
अन्तर्वार्ताका क्रममा ट्रम्पले इरानका आणविक केन्द्रलक्षित आक्रमण गरेकै कारण इरान युद्धमा अमेरिका नतानिएको तर इरानको आणविक कार्यक्रम नष्ट गर्न सफल भएको दाबी गरे । १२ दिनअघि ट्रम्प इजरायली आक्रमणप्रति सशंकित देखिएका थिए । यसले अमेरिका पनि युद्धमा तानिन सक्छ भन्ने चिन्ता उनमा थियो ।
तर, अन्ततः उनले परिस्थितिलाई आफ्नो नियन्त्रणमा लिए र बी-२ बमवर्षकमार्फत इरानमाथि प्रहार गराए । अमेरिका झन्डै शून्य क्षतिमा युद्धबाट फर्कियो ।




# एसइईपछि विद्यार्थीको रोजाइ



• प्रा डा कृष्णकान्त पराजुली

शिक्षा क्षेत्रमा फलामे ढोका मानिने एसएलसीलाई समाजले महत्वका साथ हेर्ने गर्दथ्यो । एसएलसीको फेरिएको रूप एसइईको नतिजाले विद्यार्थी, अभिभावक, विद्यालय, समाज र राज्यको ध्यान केन्द्रित गरिरहेकै छ, जुन आवश्यक पनि हो । एसएलसीको तुलनामा हालको एसइईको मूल्य केही कमजोर भएको महसुस हुन्छ । एसइईलाई राज्यले संघीय नभई प्रदेशगत रूपमा सञ्चालन गर्ने प्रस्ताव गर्दै छ । यसको औचित्य नभएको बहस चलाउनेहरू पनि छन् ।
विद्यार्थीले प्रत्येक तहको परीक्षालाई महत्वका साथ लिएमा मात्र गुणात्मक शिक्षाको कल्पना गर्न सकिन्छ । गुणात्मक शिक्षा भनेको निरन्तर मेहनतको परिणाम हो । यो वा त्यो कक्षाको परीक्षाको महत्व छैन भन्ने कुनै पनि तर्क विद्यार्थीका लागि हानिकारक हुन्छ । गुणस्तरीय शिक्षाका लागि निरन्तरको अध्ययन, मेहनत तथा खोजको संस्कार जरुरी हुन्छ । यसलाई खण्डीकृत गरियो भने आवश्यक पर्नेबित्तिकै जोड्न कठिन हुन्छ । जुनसुकै तहको परीक्षा पनि विद्यार्थीका लागि तनावपूर्ण बन्न जान्छ । राज्यले सकेसम्म प्रत्येक कक्षाका शैक्षिक प्रमाणपत्रलाई महत्वपूर्ण मानी सोही अनुसारको सन्देश प्रवाह गर्नु पर्छ । यसै सन्दर्भमा प्रसिद्ध अमेरिकन मनोवैज्ञानिक एवं शिक्षाविद् बेन्जामिन ब्लुमको भनाइ सम्झनु आवश्यक छ, "हरेक कक्षामा सिकाइको सफलताका लागि मूल्याङ्कन र सुधार निरन्तर हुनु पर्छ । कुनै कक्षा बेवास्ता गर्नु हुँदैन ।"

नेपालको संविधानले प्रत्येक नागरिकलाई विद्यालय शिक्षा निःशुल्क पाउने सुनिश्चित गरेको छ । संविधानमा लेखिएको १० वर्ष पूरा हुन लाग्दासमेत कमजोर आर्थिक स्रोतका कारण अहिलेसम्म ११ र १२ कक्षाका लागि कुनै पनि विद्यालयमा स्थायी दरबन्दी सिर्जना गर्न सकिएको छैन । केवल अस्थायी, राहत तथा अनुदानबाट मात्र कक्षा सञ्चालन गर्दै आइराखिएको छ । संस्थागत विद्यालयमा रहेका विद्यार्थीको समेत जिम्मेवारी लिनु परेमा राज्यले ठुलो आर्थिक व्ययभार लिनुपर्ने देखिन्छ जुन हालको आर्थिक अवस्थाले धान्न सकिने देखिँदैन । शिक्षा तथा प्रविधि मन्त्रालय अन्तर्गत रहेको शिक्षा तथा मानव स्रोत विकास केन्द्र-२०८१ को फ्ल्यास रिपोर्ट अनुसार देशमा सञ्चालित माध्यमिक विद्यालयमध्ये ३८ प्रतिशत (चार हजार ३२९ विद्यालय ) संस्थागत र त्यसमध्ये सबैभन्दा बढी बागमती प्रदेशमा मात्र एक हजार ५९७ माध्यमिक विद्यालय र त्यसमा पनि काठमाडौँ उपत्यकामा ज्यादा बढी र कक्षा ११ र १२ सञ्चालित अझ बढी देखिन्छ । कक्षा ११ र १२ मा भर्ना भएका जम्मा छ लाख ७३ हजार ८८५ विद्यार्थीमध्ये ३३ प्रतिशत विद्यार्थी संस्थागत विद्यालयमा भर्ना हुने गरेका छन् । जसमा १८.८ प्रतिशत (एक लाख २६ हजार ६९० विद्यार्थी) विज्ञान विषय र बाँकी ८१.२ प्रतिशत (पाँच लाख ४७ हजार १९५ विद्यार्थी) अन्य विषय पढ्ने गरेको देखिन्छ । विज्ञान विषय पढ्ने विद्यार्थीमध्ये करिब ५० प्रतिशतभन्दा बढी विद्यार्थी काठमाडौँ उपत्यकामा मात्रै भर्ना हुन्छन् । त्यसमध्येका करिब ९० प्रतिशतभन्दा बढी विद्यार्थी संस्थागत विद्यालयमा अध्ययन गर्छन् । यति ठुलो संख्यामा विद्यार्थी विज्ञान विषय पढ्न काठमाडौँका संस्थागत विद्यालयमा भर्ना भए पनि राज्यका तर्फबाट गरिनुपर्ने नियमन हुन नसक्नु, अभिभावक आफ्नो छोराछोरीको चाहनाभन्दा आफ्नो चाहना अनुसारको विषय पढोस् भन्ने सोचाइ राख्नु, विद्यार्थी विद्यालयको अनावश्यक भौतिक सुविधा तथा विज्ञापनका प्रभावमा पर्नु आदि यसका समस्या पनि हुन् । उल्लेखित समस्या समाधान गर्न सबै पक्षले आआफ्नो ठाउँबाट जिम्मेवारी वहन गर्न सकेमा राज्यको मुख्य प्राविधिक जनशक्ति उत्पादन गर्ने पूर्वाधारलाई व्यवस्थित गर्न सकिन्छ ।

कक्षा ११ मा भर्ना हुने १६/१७ वर्ष उमेर समूहका बालबालिकाको मनोवैज्ञानिक अवस्था किशोरावस्थाको अन्तिम चरणमा पर्ने भएकाले यस अवधिमा उनीहरू शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रूपमा तीव्र परिवर्तनको अनुभव गरिरहेका हुन्छन् । यसैको प्रभावस्वरूप उनीहरूको व्यवहार, निर्णय क्षमता, सामाजिक सम्बन्ध तथा आत्म पहिचानको निर्माणमा विभिन्न मनोवैज्ञानिक पक्षले प्रभाव पारिरहेको हुन्छ । यस विषयमा प्रसिद्ध मनोवैज्ञानिक जिन पियाजेको भनाइ मनन गर्नु पर्छ, "१६-१७ वर्ष उमेर समूहका बालबालिका सैद्धान्तिक सोच र तर्क गर्न सक्छन् तर भावना र आवेगमा चल्ने सम्भावना उच्च हुन्छ ।" यस्तो अवस्थामा मानवीय मनोवैज्ञानिक कार्ल रोगर्स भन्छन्, "भावना र आवेगमा चल्ने किशोरकिशोरीलाई निर्णयमा मार्गदर्शन चाहिन्छ, जबरजस्ती होइन । उनीहरूका कुरा सुन्ने र स्वीकृति दिने वातावरण आवश्यक हुन्छ ।" २०८२ सालको एसइईको परीक्षाफल यही असार महिनाको तेस्रो हप्ता प्रकाशित हुने कुरा अनौपचारिक जानकारीमा आएको छ । परीक्षाफल प्रकाशित भएपछि काठमाडौँ उपत्यकामा विद्यार्थी भित्र्याउन अस्वाभाविक वातावरण सिर्जना हुने गर्छ, यसलाई राज्यले नियमन तथा अनुगमनका साथ व्यवस्थित गरिनु अनिवार्य हुन्छ ।

राज्यको भूमिका : यो उमेर समूहका बालबालिका अत्यन्त संवेदनशील हुने भएकाले पाठ्यक्रम र पाठ्यपुस्तकबाहेक खुला संवादको व्यवस्था, सकारात्मक सोचको विकास, मिडिया चेतना, कौशल विकास, व्यक्तिगत परामर्श अनिवार्य हुने हुनाले ठुलो समूहमा विद्यार्थीलाई राखेर पढाउनु राम्रो मानिँदैन । व्यक्तिगत निगरानी तथा परामर्श चाहिने उमेरमा विद्यार्थी यसबाट वञ्चित हुँदा मार्गनिर्देशनको अभावमा बालबालिका गलत बाटोमा लागेका प्रशस्तै उदाहरण भेटिन्छन् । त्यसैले राज्यले जिम्मेवारी महसुस गरी विश्वविद्यालयले क्याम्पस सञ्चालनको अनुमति दिँदा विभिन्न कार्यक्रम सञ्चालनमा विद्यार्थी कोटा निर्धारण गरे जस्तै कक्षा ११ र १२ पढाउने विद्यालयमा पनि निश्चित मात्राको कोटा निर्धारण गरिनु अनिवार्य छ । उच्च दक्षता भएका विद्यार्थी भर्ना गर्ने विद्यालयले सोही अनुसार कक्षा १२ को परीक्षाको परिणाम अपेक्षा अनुसार ल्याउँछ ।

कक्षा १० सम्म सञ्चालित संस्थागत विद्यालयलाई शुल्क तथा अन्य सम्बन्धमा गरिएको नियमन तथा अनुगमन कक्षा ११ र १२ सञ्चालित विद्यालयलाई गरेको पाइँदैन जुन अत्यावश्यक छ । त्रिविले आफ्ना सम्बन्धन प्राप्त क्याम्पससँग एक महिनाको शुल्क बराबरको सेवाशुल्क लिने गरेको पाइन्छ । त्यसै गरी कक्षा ११ र १२ सञ्चालित संस्थागत विद्यालयलाई राम्रो सेवा दिएबापत थोरै भए पनि शुल्क तोक्न सकिन्छ । जसले थोरै भए पनि आर्थिक स्रोत जुटाउन मद्दत गर्छ र उक्त स्रोतलाई गरिब तथा जेहनदार विद्यार्थीका लागि उपयोग गर्ने नीति बनाउन सकिन्छ ।

### अभिभावकको भूमिका

कक्षा ११ र १२ पढ्नका लागि विशेष गरी विज्ञान तथा व्यवस्थापनका केही प्राविधिक विषय (जस्तै : होटेल म्यानेजमेन्ट, टुरिजम, कम्प्युटर साइन्स) सञ्चालित विद्यालय सहरकेन्द्रित छन् । त्यसमा पनि धेरै विद्यालय काठमाडौँकेन्द्रित छन् । गाउँबाट आफ्ना बालबालिकालाई पढाउन (आफ्नो वा छोराछोरीको इच्छा अथवा बाध्यता) काठमाडौँ प्रवेश गर्ने अभिभावकले जान्नुपर्ने केही कुरा बुझेर विद्यालय भर्नाको निर्णय लिनु उचित हुन्छ ।

काठमाडौँमा सञ्चालित कक्षा ११ र १२ का प्रायः विद्यालय (कलेज भन्ने चलन छ) मा उही शिक्षक परिचालित हुने भएकाले पढाउने शिक्षक जुनसुकै विद्यालयमा पुग्दा पनि उनै र उस्तै देख्न पाउनुहुन्छ । कक्षा ११ र १२ को पाठ्यक्रम वर्षभरि पूरा समय नपढाई तोकेको समयमा सकिँदैन । विद्यार्थी तथा अभिभावकमा राम्रो कक्षा ११ र १२ मा भर्ना भएमा एसइईको तयारी जस्तै तयारी कक्षा सञ्चालन हुन्छ भन्ने मान्यता हुन सक्छ । यो कुनै पनि कलेजमा सम्भव छैन किनकि पाठ्यक्रमको प्रकृति नै तेस्तै छ । कक्षा समयबाहेक अतिरिक्त कक्षा सञ्चालन गर्दा विद्यार्थीलाई नियमित कक्षाको गृहकार्यमा समय पुग्दैन । विज्ञान विषय पढिसकेपछि प्राक्टिकलको काम अनिवार्य गर्नै पर्छ । कक्षा ११ र १२ तहका विद्यालयमा देखाइने अन्य अतिरिक्त भौतिक सुविधा विद्यार्थीले प्रयोग गर्ने समय नपाउन सक्छन् । त्यसैले यो वा त्यो बहानामा धेरै शुल्क तिरेपछि छोराछोरीको भविष्य राम्रो हुन्छ भन्ने कल्पना गर्नु आवश्यक देखिँदैन । तपाईंको छोराछोरीको भविष्य उनीहरूकै मेहनतमा भर पर्छ । केवल तपाईंको छोराछोरीको व्यक्तिगत निगरानी हुन सक्ने वा नसक्ने, तपाईंलाई नियमित सम्पर्क गरी विद्यार्थीको राम्रो वा नराम्रो कामको सूचना दिने तथा आवश्यक परेका बेलामा विज्ञ परामर्श हुन सक्ने वातावरण छ/छैन ख्याल गर्नु आवश्यक छ ।

### विद्यार्थीको भूमिका

विज्ञान वा व्यवस्थापनका प्राविधिक विषयमा कक्षा ११ र १२ को अध्ययन एसइईभन्दा केही फरक प्रकृतिको हुन्छ । यो उमेरका किशोरकिशोरीले साथीसँगको व्यवहारबाट सिक्ने हुनाले लहडमा नलागी सकारात्मक सोच भएका साथी रोज्नु, समूहको प्रभावबाट सचेत रहनु, अनुकरणयोग्य पात्रको चयन गर्नु पर्छ । कलेजको नाम, साथीको रोजाइ वा प्रचारभन्दा आफ्नो रुचि, क्षमता र सम्भावना बुझ्न आवश्यक छ । आफूलाई बुझ्ने प्रयास गर्नु पर्छ र आफ्नो रुची अनुसारको विषय रोज्नु पर्छ । म के चाहन्छु, मेरो लक्ष्य के हो ? भन्ने प्रश्न गर्न सक्नु पर्छ । आफूलाई ज्ञान नभएमा, अलमलमा परेमा, मनमा दुविधा उत्पन्न भएमा, दबाब वा निराशा महसुस भएमा आफ्ना शिक्षक, आफन्त तथा विज्ञको सुझाव जरुरी हुन्छ । परामर्श कमजोरीको होइन, समझदारी तथा समाधानको सङ्केत हो भन्ने बुझ्नु जरुरी छ ।

एसइईपश्चात्को कक्षा ११ र १२ विश्वविद्यालय अध्ययनको पूर्वाधार हो । विद्यार्थीले रुचि, क्षमता र भविष्यको लक्ष्य मूल्याङ्कन गर्दै निर्णय लिनु पर्छ साथै लहड, दबाब वा प्रचारभन्दा सही मार्गदर्शन र परामर्श आवश्यक हुन्छ । अभिभावकको समझदारीपूर्ण साथ र राज्यको नियमन, कोटा व्यवस्था तथा मनोसामाजिक सुदृढीकरण अनिवार्य छ । त्रिपक्षीय उत्तरदायित्वबाट मात्र गुणस्तरीय शिक्षा र सक्षम नागरिक उत्पादन सम्भव हुन्छ ।

# सामाजिक सञ्जालका असामाजिकहरू



• कृष्ण बर्मा



अहिले विश्वको ध्यान सामाजिक सञ्जालमा छ। बालबालिकादेखि वृद्धवृद्धासम्म सबैको समय व्यतीत गर्ने माध्यम बनेको छ यो। पर्याप्त सूचना पनि दिन्छ यसले अनि मनोरञ्जन पनि। यसका नकारात्मक पक्ष पनि नभएका होइनन्। यसलाई विकसित देशमा सदुपयोग गरे पनि अविकसित र विकान्सोमुख देशमा भने दुरुपयोग नै गरेको भान हुन्छ। बिहान उठेदेखि नसुतेसम्म ग्याजेट र सामाजिक सञ्जालमा घोत्लने बानी धेरैको छ। सामाजिक सञ्जालनबिना जीवन छैन कि ? जस्तो लाग्छ। तर सामाजिक सञ्जाल जुन उद्देश्यले नाम राखिएको थियो त्योअनुसार प्रयोगमा आएको देखिँदैन।
सामाजिक सञ्जाल सामाजिक नभै असामाजिक बन्दै र बनाइँदै छ। त्यहाँ आउने हरेक विषयवस्तु हेर्दामात्रै पनि थाहा हुन्छ, हाम्रो दिनचर्या अत्यन्तै कर्कश बन्दैछ। जहाँ गालीगलौज गरी आकर्षण बढाउन जे पायो त्यही पोस्ट्याउने चलन बढेको छ। कानुन, धर्म, सामाजिक मर्यादा, सहिष्णुता विपरीत विषयवस्तुले सामाजिक सञ्जाल दूषित बन्ने गरेको छ। त्यही दूषित बन्दै गरेको सामाजिक सञ्जाललाई हामी पनि दूषित बन्दै र बनाउँदै छौं। सामाजिक सञ्जालको नाम र परिकल्पना संसारका चेतनशील प्राणी मान्छेलाई एउटा सुख, दुःख, माया, ममता, सद्भाव, सहयोग र सही र सत्य सिकाउने समाज बनाउने उद्देश्य गरिएको हुनुपर्छ। सामाजिक सञ्जालले हाम्रो वास्तविक समाजलाई समेत दूषित बनाएको छ।

अहिले वास्तविक विद्यमान समाज यसैका कारण टाढा टाढा भएको छ। यहाँ गर्न हुने नहुने सबै क्रियाकलाप भएका छन्। लेख्न मिल्ने नमिल्ने लेखिएका छन् र देख्न मिल्ने नमिल्ने सबै देखिएका छन् भने सुन्न मिल्ने र नमिल्ने समेत सुनिएका र सुनाइएका छन्। समग्रमा सामाजिक सञ्जालमा असामाजिक करार गराइएको छ। मानिस सामाजिक प्राणी भएकाले पनि समाजजस्तै सामाजिक सञ्जाल बनोस् भन्ने सबैको चाहना छ तर हुन सकिरहेको छैन। संस्कृतमा भनाइ छ, 'सङ्गः सुखं जनति' जसको अर्थ हुन्छ संगतले सुख दिन्छ। तर यहाँ सामाजिक सञ्जालमा हुने व्यवहारले हामी सबैलाई दुःखित तुल्याएको छ। जमाना एआईको आयो सोचे पनि स्क्रिनमा आउन थाल्यो तर यहाँ सोच्नभन्दा व्यवहारै गरेपछि त सबै हुने नहुने सबै देखिन थालेको छ। मान्छे देख्दा एक थोक देखिन्छ, भेट्दा अर्को थोक देखिन्छ र सामाजिक सञ्जालमा भेट्दा र उसका विचार देख्दा अर्को थोक देखिन्छ। चिन्न गाह्रो पर्न थालेको छ।

जस्तै, देशमा हुँदा एउटा, विदेशमा हुँदा अर्को, चुनाव आउँदा एउटा चुनाव सकिएपछि अर्को, आफूलाई मन पर्दा एउटा, मन नपर्दा अर्को विचारको प्रवाहले समाजमा रहेका सामाजिकहरू पनि दिग्भ्रमित गराएका छन्। यिनै असामाजिक कारणले गर्दा सामाजिक सञ्जाल बाहिरको वास्तविक समाज पनि भताभुंग भएको छ। समाजमात्रै नभएर परिवार र व्यक्तिसमेत भताभुंग भएको छ। अझै यसको असर पर्न बाँकी छ समयमै यसलाई व्यवस्थित र मर्यादित नबनाउने हो भने आउँदो समाजको चित्रण सुखदायी हुन सक्छ। स्वतन्त्रताको उच्चतम प्रयोग गर्न पाउने हाम्रो देशमा सामाजिक सञ्जालबाट प्रस्तुत हुने स्वतन्त्रताले राम्रोभन्दा नराम्रो गरिरहेको छ। राजनीतिक दल वा सार्वजनिक पद धारण गरेका व्यक्तिहरूलाई राख्ने विषयवस्तुमा देखिने विचारहरू देख्दा यस्तो लाग्छ सञ्जाल होइन व्यक्ति र समाज साह्रै विकृत र नीच भएको छ, यहाँ सुधार गर्न कसैले सक्नेवाला छैन। यसलाई नियमन र सुधार गर्न सक्ने अवस्थाबाट हामी धेरै टाढा गइरहेका त छैनौं ? जे भए पनि अब धेरै ढिला गर्नु हुँदैन।
सामाजिक सञ्जाल एउटा समाज हो। यो सञ्चालन गर्ने सबै तपाईं हाम्रै परिवार, नातागोता, इष्टमित्र, मान्यजन सबै हुनुहुन्छ। हामीलाई धेरैले चिन्नुहुन्छ, जान्नुहुन्छ। नचिने नजाने पनि चिन्न र जान्न सक्नुहुन्छ। पत्रकार विजयकुमारले आफ्नो पुस्तक सम्बन्धहरूमा सामाजिक सञ्जालका बारेमा भनेका छन्, 'सामाजिक सञ्जाल मान्छेको मन र अरूसँग संवाद गर्ने लालसाको परिणाम हो। तर सामाजिक सञ्जालमा विचार र मनलाई नियन्त्रण गर्न सकिरहेका हुँदैनौं। लेख्न मिल्ने, नमिल्ने भन्न मिल्ने नमिल्ने, देख्न सकिने नसकिने सबैकुरा सामाजिक सञ्जालमा प्रस्तुत गरिरहेका छौं।' यसबाट हामी कोही पनि अछुतो रहन सकेका छैनौं। यो गति बढ्दै जाने हो भने अनुशासित र मर्यादित परिवार अनि मानिस बाँकी रहने छैनन्। सञ्जाल विचार राख्ने ठाउँ हो। केही हदसम्म दुःख र सुख सेयर गर्ने सञ्जाल पनि। तर यहाँ त्योभन्दा बढी, साख, ईर्ष्या, डाहा, सरस, राग, द्वेष, घमण्ड, देखावटी आदि प्रस्तुत गरिएको छ।
नेपाली समाज शान्त तालजस्तो मिलेर बनेको थियो, यहाँ सद्भाव, सहिष्णुता, सहयोग, समानता, मानसम्मानलगायतका समाजका हुनुपर्ने आवश्यक कुराहरू शान्त थिए। यी कुराहरूलाई राजनीति हुँदै अहिले सामाजिक सञ्जालले छाल ल्याइदिएको छ को कता गयो, कहिले कोसँग मिलेको छ, कहिले कुन

❖ बाँकी तेस्रो पृष्ठमा

# झापा गाउँपालिकाको बजेट ५१ करोड ४२ लाख




कुमरखोद , असार १० । झापा गाउँपालिकाको नीति तथा कार्यक्रमसहित आर्थिक वर्ष २०८२-८३ को वार्षिक बजेट गाउँसभाले सर्वसम्मत स्वीकृत गरेको छ । झापा गाउँपालिकाले आर्थिक वर्ष २०८२-८३ का लागि ५१ करोड ४२ लाख ४३ हजार ५६४ रुपैयाँको अनुमानित वजेट प्रस्तुत गरेको थियो ।

गत वर्षको तुलना यो आर्थिक वर्षमा १ करोड ९९ लाख ३८ हजार पाँचसय चौसठी रुपैयाँको वढी वजेट आएको हो । गत वर्ष ४९ करोड ४३ लाख ५ हजार रुपैयाँ विनियोजन भएको थियो

झापा गाउँपालिकाको सभाहलमा भएको १८औं गाउँसभामा कार्यवाहक अध्यक्ष अन्जुदेवी थपलियाले आर्थिक वर्ष २०८२-८३ को वजेट प्रस्तुत गरेकी थिइन् । प्रस्तुत गरेको वजेटमा गाउँपालिकाको आयतर्फ संघीय राजश्व वाँडफाँटतर्फ रु १० करोड १७ लाख ५२ हजार ५६४ रुपैयाँ , संघीय सशर्त अनुदान रु २२ करोड ७३ लाख , संघीय समानीकरण अनुदान रु ११ करोड ३८ लाख , संघीय समपुरक अनुदान रु ७४ लाख , प्रदेश समानीकरण अनुदान रु १ करोड ७ लाख ९८ हजार , प्रदेश राजश्व वाँडफाँट रु ७१ लाख १९ हजार , घरजग्गा रजिष्ट्रेशन दस्तुर रु ५० लाख , प्रदेश सशर्त अनुदान रु ८९ लाख ७४ हजार , प्रदेश समपूरक अनुदान रु १ करोड र आत्तरिक आय रु २ करोड रुपैयाँ गरेर अनुमानित आय रु ५१ करोड ४२ लाख ४३ हजार ५ सय चौसठी रुपैयाँ विनियोजन गरिएको छ । गाउँपालिकाले व्ययतर्फ चालु खर्च शिर्षकमा सम्पूर्ण क्रियाकलापहरुका लागि एकमुष्ट रु ७ करोड १२ लाख रुपैयाँ विनियोजन गर्दै पूँजीगत खर्चतर्फ आर्थिक विकास रु १ करोड ३८ लाख , पूर्वाधार विकासतर्फ रु १० करोड ३२ लाख ७२ हजार , वन वातावरण विपद तथा सरसफाईतर्फ रु २६ लाख , संस्थागत विकास सेवा प्रवाह तथा सुशासनतर्फ रु ४८ लाख ३१ हजार ५६४ रुपैयाँ , सामाजिक विकासतर्फ रु ६ करोड २७ लाख ६६ हजार , संघीय सशर्त अनुदान रु २२ करोड २९ लाख , संघिय विशेष अनुदान ६५ लाख , संघिय समपूरक अनुदान रु ७४ लाख , प्रदेश सशर्त अनुदान ८९ लाख ७४ हजार , प्रदेश समपूरक अनुदान रु १ करोड रुपैयाँ गरेर जम्मा अनुमानित व्यय रु ५१ करोड ४२ लाख ४३ हजार ५ सय ६४ रुपैयाँ अनुमानित खर्च प्रस्तुत गरिएको छ ।

गाउँपालिकाका कार्यवाहक अध्यक्ष थपलियाको अध्यक्षतामा भएको गाउँसभामा प्रमुख प्रशासकीय अधिकृत गजेन्द्र थपलिया , लेखा अधिकृत तथा सूचना अधिकारी लक्ष्मी खतिवडा , स्वास्थय शाखा प्रमुख प्रेम न्यौपाने , वडा अध्यक्षहरु वडा १ का राजकुमार यादव , वडा २ का हिमालकुमार चम्लागाई , वडा ३ का सुभाषलाल गणेश, वडा ४ मोहमद ताहिर , वडा ५ का कृष्णप्रसाद राजवंशी , वडा ६ का नविनकिशोर थापा , वडा ७ का सखिचन्द्र ठाकुर , कार्यपालिका सदस्यहरु , परिषद सदस्य तथा कर्मचारीहरुको सहभागिता रहेको थियो ।

# कचनकवल गाउँपालिकाको बजेट ६६ करोड १९ लाख




भद्रपुर(प्रस) ।देशकै सबैभन्दा होचो भूभाग रहेको झापाको सदूर दक्षिणी कचनकवल गाउँपालिकाले आर्थिक वर्ष २०८२/०८३ का लागि ६६ करोडबढीको बजेट सार्वजनिक गरेको छ ।

मंगलवार आयोजित गाउँसभाको १६ औं अधिवेशनमा गाउँपालिकाका उपाध्यक्ष नवराज भट्टराईले आ.व. ०८२/०८३ का लागि ६६ करोड १९ लाख ७९ हजार ५३० रुपैयाँको बजेट प्रस्तुत गरेका हुन् ।बजेटमा आन्तरिक स्रोततर्फ १० करोड एक लाख पाँच हजार ९७७, राजश्व बाँडफाँटतर्फ संघबाट १० करोड ९४ लाख ५९ हजार ५५३ र कोशी प्रदेशबाट ७३ लाख चार हजार, वित्तीय समानीकरण अनुदानतर्फ संघबाट १२ करोड ७६ लाख र प्रदेशबाट एक करोड १८ लाख ९७ हजार, सशर्त अनुदानतर्फ संघबाट २७ करोड ३४ लाख र प्रदेशबाट ९७ लाख १३ हजार एवम् विशेष तथा समपूरक अनुदानतर्फ संघबाट एक करोड ५० लाख र प्रदेशबाट ७५ लाख प्राप्त हुने अनुमान गरिएको छ ।

गाउँपालिका अध्यक्ष कालेन्द्रप्रसाद सिंह राजवंशीको अध्यक्षतामा सञ्चालित सभामा उपाध्यक्ष भट्टराईले विनियोजित बजेटबाट चालुतर्फ ४२ करोड २८ लाख ७६ हजार ५०१ र पूँजीगततर्फ २३ करोड ९१ लाख तीन हजार २९ रुपैयाँ खर्च हुने गरी तर्जुमा गरिएको बताए ।गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत स्काई पोखरेलको उपस्थितिमा सञ्चालित सभामा अध्यक्ष राजवंशीले कचनकवल गाउँपालिकाको समृद्धिको योजनासहितको नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए भने उपाध्यक्ष भट्टराईले नीति तथा कार्यक्रममा सामञ्जस्यता हुने गरी विभिन्न शीर्षकमा बजेट बाँडफाँट गरिएको जानकारी दिए ।

पर्यटकीय महत्व बोकेको सबैभन्दा होचो स्थान रहेको कचनकवल स्तम्भको गौरव बोकेको कचनकवल गाउँपालिकाले चालु आर्थिक वर्षको जेठ मसान्तसम्ममा बजेटको ६३ प्रतिशत खर्च गरिसकेको छ भने असार मसान्तसम्ममा करिब ८० प्रतिशत खर्च हुने अनुमान गरेको छ ।

# मेचीनगरको बजेट एक अर्ब ८२ करोड प्रस्ताव

मेचीनगर(प्रस) । किसानहरुको पीडालाई ध्यानमा राखेर मेचीनगर नगरपालिकाले आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रममा 'किसान क्रेडिट कार्ड' लागू गर्ने योजना अघि सारेको छ ।

मंगलबार मेचीनगर नगरपालिकाको दोस्रो नगरसभाको सातौं अधिवेशनमा उपप्रमुख मीना पोखरेल उप्रेतीले आगामी आर्थिक बर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमसहित प्रस्तुत गरेको प्रस्तावित बजेटमा 'किसान क्रेडिट कार्ड' को व्यवस्था गरिएको हो ।

नगरप्रमुख गोपालचन्द्र बुढाथोकीले मेचीनगरमा दिनरात दुःख गरिरहेका किसानहरुले के उत्पादन गर्ने, कसरी उत्पादन गर्ने र उत्पादन गर्न चाहिने आवश्यक सामान कहाँबाट कसरी ल्याउने समस्या रहेको बताए ।

किसानहरुको समस्यालाई थोरै भएपनि मलमपट्टि लगाउनका लागि पनि 'किसान क्रेडिट कार्ड' लागू गर्ने योजना अघि सारिएको उनले जानकारी दिए ।

'किसानहरुलाई मल, बीउ खरिद गरेर ल्याउन समस्या हुन्छ', प्रमुख प्रशासकीय अधिकृत अग्निप्रसाद अधिकारीले भने-'मल, बीउ ल्याउन, बैंकबाट ऋण खान सहज छैन । बैंक र किसानको सेतुको काम नगरपालिकाले गरिदिन्छ । त्यसका लागि किसानलाई सहज होस् भनेर 'किसान क्रेडिट कार्ड' को व्यवस्था गर्नेछौं ।'

अधिवेशनको प्रथम बैठकमा उपप्रमुख एवम् बजेट तर्जुमा समिति संयोजक समेत रहेकी



उप्रेतीले आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि कुल १ अर्ब ८२ करोड ६ लाख ८६ हजार ४३९ रुपैयाँको प्रस्तावित बजेट प्रस्तुत गरेकी छन् ।

चालु खर्चतर्फ ७३ करोड ९६ लाख ९४ हजार, पुँजीगततर्फ १ अर्ब ३१ करोड ७ लाख ८ हजार वित्तीय व्यवस्थापनतर्फ २५ लाख गरी कुल २ अर्ब ५ करोड २९ लाख २ हजार रुपैयाँको अनुमानित बजेट प्रस्तुत गरेकी हुन् ।

नगरस्तरीय चालु खर्चतर्फ संघीय सरकारको सशर्त अनुदानतर्फ ४८ करोड ५० लाख, सशर्त पुँजीगत अनुदानतर्फ ३५ करोड २२ लाख, विशेष अनुदानतर्फ १ करोड ३० लाख, समपूरक अनुदान प्राप्त हुने १ करोड ४५ लाख, कोशी प्रदेश सरकारको सशर्त चालु अनुदानतर्फ ९८ लाख ८२ हजार, सशर्त पुँजीगत अनुदानबाट प्राप्त हुने ७४ लाख रुपैयाँ स्वीकृत शिर्षक अनुसारै खर्च गर्ने गरी पेश गरिएको छ ।

यसरी विनियोजन गर्दा कुल बजेट मध्ये चालु खर्चतर्फ ७६ करोड १९ लाख ८२ हजार अर्थात ४५.२७ प्रतिशत, पुँजीगत खर्च तर्फ ९१ करोड ८७ लाख ५२ हजार ५४० रुपैयाँ अर्थात ५४.५८ प्रतिशत र वित्तीय व्यवस्थातर्फ २५ लाख अर्थात ०.१५ प्रतिशत खर्च प्रस्ताव गरिएको छ ।

यता आयतर्फ आन्तरिक आम्दानी १८ करोड, संघीय सरकारको वित्तीय समानीकरणतर्फ २४ करोड ३१ लाख, सशर्त चालु अनुदानतर्फ ४८ करोड ५० लाख रुपैयाँ, सशर्त पुँजीगत अनुदानतर्फ ३५ करोड २२ लाख रुपैयाँ, विशेष अनुदानतर्फ १ करोड ३० लाख रुपैयाँ र राजश्व बाँडफाँटतर्फ १८ करोड ८ लाख रुपैयाँ रहेको बजेटमा उल्लेख छ ।

यसैगरी, आयतर्फ कोशी प्रदेश सरकारको वित्तीय समानीकरणतर्फ २ करोड ३७ लाख ५४ हजार रुपैयाँ, सशर्त चालु अनुदानतर्फ ९८ लाख ८२ हजार रुपैयाँ, सशर्त पुँजीगत अनुदानतर्फ १ करोड ४० लाख रुपैयाँ र राजश्व बाँडफाँट प्राप्त हुने १ करोड ७० लाख रुपैयाँ, समपूरक अनुदान प्राप्त हुने ७४ लाख रुपैयाँ, मालपोत घर रजिस्ट्रेसनबाट ११ करोड ३४ लाख ९८ हजार ५४० रुपैयाँ, दहत्तर बहत्तरबाट प्राप्त हुने २ करोड ७२ लाख र मौज्दात रकम १३ करोड ७४ लाख ५१ हजार ८१९ रुपैयाँ ३७ पैसा गरी आम्दानीतर्फ कुल बजेट १ अर्व ८२ करोड ६ लाख ८६ हजार ४३९ रुपैयाँ प्रस्ताव गरिएको छ ।

नगरप्रमुख बुढाथोकीको अध्यक्षतामा भएको नगरसभामा उपप्रमुख उप्रेतीले प्रस्तुत गरेको नीति तथा कार्यक्रमले कृषि, पर्यटनको विकास र खेलकुद क्षेत्रलाई प्रोत्साहन दिनेगरी आगामी आर्थिक बर्ष २०८१/०८२ का लागि वार्षिक नीति तथा कार्यक्रम ल्याएको छ ।

# सशस्त्र प्रहरीद्वारा २० जना युवालाई सीपमूलक तालिम



झापा(प्रस) ।सशस्त्र प्रहरी बल, नेपाल नं. २ गण हेडक्वाटर झापाको आयोजनामा गौरीगञ्जका २० जना युवालाई सीपमूलक तालिम प्रदान गरिएको छ । "सीमावासीसँग सशस्त्र प्रहरी" कार्यक्रमअन्तर्गत सीमावर्ती इलाकामा बसाबास गर्ने स्थानीय २० जना युवालाई गत चैत २ ९ गतेदेखि ६५ दिने इलेक्ट्रिसियन तालिम दिइएको हो । गौरीगञ्ज गाउँपालिकाको सहजीकरण तथा दमक बहु-प्राविधिक तालिम शिक्षालय दमकको सहकार्यमा संचालित तालिमको गौरीगञ्ज ३ स्थित उद्योग वाणिज्य संघ गौरीगञ्जको सभाहलमा समापन गरिएको छ ।

गाउँपालिका अध्यक्ष फुलवती राजवंशीको प्रमुख आतिथ्यमा सशस्त्र प्रहरी बल, नेपाल नं. २ गण हे.क्वा. झापाका गणपति सशस्त्र प्रहरी उपरीक्षक तुलबहादुर भण्डारी, प्रस्तावित सीमा सुरक्षा गुल्म गौरीगञ्जका गुल्मपति सशस्त्र प्रहरी नायव उपरीक्षक सुमन थापा , विभिन्न विओपीका प्रमुखहरु, गौरीगञ्जका सुरक्षा निकायका प्रमुखहरु , गौरीगञ्ज उद्योग बाणिज्य संघका अध्यक्ष रुपक श्रेष्ठ , गौरीगञ्ज क्याम्पसका अध्यक्ष मखना महतो , रेडक्रस उपशाखा गौरीगञ्जका अध्यक्ष यादव रिजाल, लायन्स क्लबका अध्यक्ष, दमक बहु-प्राविधिक तालिम शिक्षालयका प्रमुखलगायतको उपस्थिति रहेको सशस्त्र प्रहरी बल नेपाल नं. २ गण हेक्वा झापाका सूचना अधिकारी सशस्त्र प्रहरी नायव उपरीक्षक सुमन पोखरेलले जानकारी दिएका छन् ।

## सामाजिक ...

कता हराएको छ, कसैलाई कसैको मतलव छैन, जन्मेदेखि मरेसम्मका सबै घटनालाई सञ्जालमा देख्न र भेट्न सकिन्छ। घरपरिवार बसेर पनि सबै एक्लै भएको महसुस हुन्छ, दुःख र बिरामी हुँदा दया, माया र सद्भावसमेत देखिन छोडेको छ। समाज चेतनशील प्राणी मान्छेको प्रमुख ज्ञानको स्रोत हो, सिकाइको पाठशाला हो, कर्मको प्रतिबिम्बसमेत हो। समाजबिना मान्छे चेतनशील र विवेकी बन्न सक्दैन। समाज मानिसहरूको समूहको एउटा प्रतिबिम्ब नै हो। समाजमा रहन र सामाजिक बन्न सामाजिक व्यवहारले ओतप्रोतसमेत हुनुपर्ने देखिन्छ। सामाजिक व्यवहारलाई समाजमा पचाउन सक्छ, जसले मानिसलाई वास्तविक सामाजिक प्राणी भनेर चिनाउँछ। सामाजिक व्यवहारमा सहयोगी व्यवहार, प्रतिस्पर्धात्मक व्यवहार, आदानप्रदान व्यवहार, संरक्षक व्यवहार, मतभेदको व्यवहार अपरिहार्य छन् र यिनलाई समाजले पचाएको हुन्छ। यी पाँच सामाजिक व्यवहारबिना समाज अधुरो र अपूर्ण नै हुन्छ। समाज बिग्रियो भने आफूमात्रै सप्रिएर हुनेवाला केही छैन। लेख्न र पोस्ट गर्न पाउँदा सामाजिक मूल्य, मान्यता सामाजिक परिधिलाई बिर्सिन थालेका छौं। हामी सामाजिक प्राणी हौं भन्नेसमेत हेक्का राख्न छोड्यौं। हामीलाई राजनीतिक लाग्छ, धर्म लाग्छ, जातजाति लाग्छ, धनी-गरिब लाग्छ, शक्तिशाली लाग्छ, सबै चिज आफ्ना लागि मात्रै सोच्ने गरिन्छ। जसले सञ्जाल हुँदै समाज र समुदायलाई नै गम्भीर असर पार्न थालेको छ। सञ्जालले सामाजिक व्यवहारलाई प्रोत्साहित गर्ने किसिमको विषयवस्तु र जानकारी हुनुपर्छ। सकारात्मक सामाजिक व्यवहारले मानिसलाई असल बनाउन मद्दत गर्छ, सामाजिक व्यवहार सिक्ने र सिकाउने माध्यम सामाजिक सञ्जाल बन्नुपर्छ। जुन हुन सकिरहेको छैन। सञ्जाल हाम्रो परिवार बनेको छ भन्ने कुरालाई बिर्सिनु नै असामाजिक बन्नु पहिलो खुडकला हो। घरपरिवारमा हामी जुन रूपले प्रस्तुत हुन्छौं, त्यही रूपले सामाजिक सञ्जालमा प्रस्तुत हुन सकौं। यसको सुरुवात तपाईं हामीबाटै सम्भव छ। हामीले के गर्न हुने, के गर्न नहुने, कसले कसलाई कस्तो असर गर्छ बुझ्नुपर्छ। के गर्ने के नगर्ने भन्ने कुराको विचार स्वयंले गर्नुपर्छ।

यसरी, तपाईं हामीले नै समाजलाई असर पर्ने र पार्ने खालेका विषयवस्तुलाई बढावा दिने र गर्ने हो भने यहाँ कसलाई कसले रोक्न सक्ने ? सुधार आफैंबाट गर्नुपर्छ। सामाजिक सञ्जाललाई वास्तविक समाज बनाउन थालौं। गलत, भ्रामक, अश्लील, अमर्यादित, असहिष्णुता फैलाउनेलगायतका सकारात्मकका विरुद्धमा आउने सबैखाले विषयवस्तु सामाजिक सञ्जालमा राख्ने प्रोत्साहन गर्नेलाई रिपोर्ट गरौं, ब्लक गरौं। हामी ठीक हौंला तर असामाजिक गतिविधिलाई टेवा दिएका त छैनौं ? छामौं।

सामाजिक सञ्जालको प्रयोगले धेरै ठगिएका छौं, लुटिएका छौं, मारिएका छौं, बलात्कृत भएका छौं। यी र यस्ता अमानवीय क्रियाकलाप पनि सञ्चालन गरेका छौं। यस्तैको प्रचार र प्रसार गरेका छौं। सामाजिक सञ्जाल अबदेखि परिवार आफन्त बालबच्चासँगै बसेर चलाउन सक्ने बनाऔं। यसैमा तपाईं हाम्रो भलो छ। सञ्जालमा सामाजिक बनौं, असामाजिक नबनौ !

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१[illegible]

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** नयाँ वस्त्र र अलङ्कारको प्राप्ति पनि हुनसक्छ ।मनोरञ्जनमा सहभागिता भइनेछ

**वृष** महत्वपूर्ण कामको थालनी हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**मिथुन** आज रमाइलो यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला ।

**कर्कट** नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

**सिंह** आज महिला वर्गबाट विशेष साथ र सहयोग मिल्नेछ । अरुलाई प्रभावित पारेर

**कन्या** मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ । शरीर भारी र मन अस्थिर रहने संकेत

**तुला** आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** सामाजिक क्षेत्रबाट राम्रो सहयोग पाइनेछ ।धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** आज छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन

**मकर** घरमा अतिथिको आगमन हुनेछ । स्वास्थ्यको ख्याल गर्नु पर्नेछ ।

**कुम्भ** राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।

**मिन** परीक्षा र पढाईमा राम्रै सफलता मिल्ला । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।